# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल

**प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गतका विभिन्न सेवा समुहका अधिकृत नवौं तहका (अप्राविधिक/प्राविधिक) पदहरुमा कार्यक्षमताको मूल्याङ्कनद्धारा हुने बढुवाको सूचना ।**

सूचना नं.:१५०/०८२-८३ प्रकाशन मितिः २०८२/०८/२६

प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (७) र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १० को उपदफा (६) बमोजिम तपसिल बमोजिमका पदहरुमा कार्यक्षमताको मूल्याङ्कनद्धारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८२/१०/०१ गते सम्म दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिन्छ ।

<u>तपसिल</u>

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह | कार्यक्षमता मूल्याङ्कनद्धारा हुने पद संख्या |
|---|---|---|---|---|---|
| १ | ४८/०८२-८३ | उपसचिव/उपनिर्देशक | नवौं | स्थानीय प्रशासन/सामान्य प्रशासन | ४ |
| २ | ४९/०८२-८३ | मेडिकल सुपरिटेन्डेन्ट | नवौं | प्रदेश स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | १ |
| ३ | ५०/०८२-८३ | मेडिकल सुपरिटेन्डेन्ट | नवौं | स्थानीय स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | १ |
| ४ | ५१/०८२-८३ | स्वास्थ्य प्रशासक | नवौं | प्रदेश स्वास्थ्य/पब्लिक हेल्थ एडमिनिस्ट्रेसन | १ |
| ५ | ५२/०८२-८३ | जनस्वास्थ्य प्रशासक | नवौं | प्रदेश स्वास्थ्य/हेल्थ ईन्सपेक्सन | १ |
| ६ | ५३/०८२-८३ | कन्सल्टेण्ट माईक्रोबायोलोजीष्ट | नवौं | प्रदेश स्वास्थ्य/प्याथोलोजी/ माइक्रोबायोलोजी | १ |
| ७ | ५४/०८२-८३ | कन्सल्टेण्ट प्याथोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/प्याथोलोजी/जनरल प्याथोलोजी | १ |
| ८ | ५५/०८२-८३ | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट | नवौं | प्रदेश स्वास्थ्य/मेडिकल जनरल | १ |
| ९ | ५६/०८२-८३ | कन्सल्टेण्ट कार्डियोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/मेडिसिन/कार्डियोलोजी | १ |
| १० | ५७/०८२-८३ | कन्सल्टेण्ट युरो सर्जन | नवौं | प्रदेश स्वास्थ्य/सर्जरी/यूरो सर्जरी | १ |
| ११ | ५८/०८२-८३ | कन्सल्टेण्ट न्यूरो सर्जन | नवौं | प्रदेश स्वास्थ्य/सर्जरी/न्यूरो सर्जरि | १ |
| १२ | ५९/०८२-८३ | कन्सल्टेण्ट न्यूरोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/मेडिसिन/न्यूरोलोजी | १ |
| १३ | ६०/०८२-८३ | कन्सल्टेण्ट डर्माटोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/डर्माटोलोजी, लेप्रोलोजी र भेनरल डिजिजेज | १ |

| क.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह | कार्यक्षमता मूल्याङ्कनद्धारा हुने पद संख्या |
|---|---|---|---|---|---|
| १४ | ६१/०८२-८३ | कन्सल्टेण्ट डेण्टल सर्जन | नवौं | प्रदेश स्वास्थ्य/डेण्टिष्ट्री/जनरल डेन्टल | १ |
| १५ | ६२/०८२-८३ | कन्सल्टेण्ट सर्जिकल ग्याष्ट्रो इन्टेरोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/ सर्जरी/ग्याष्ट्रोइन्टेरोलोजिकल सर्जरी | १ |
| १६ | ६३/०८२-८३ | कन्सल्टेण्ट नेफ्रोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/मेडिसिन/नेफ्रोलोजी | १ |
| १७ | ६४/०८२-८३ | मेडिकल ल्याव टेक्नोलोजिष्ट प्रशासक | नवौं | प्रदेश स्वास्थ्य/मेडिकल ल्याब टेक्नोलोजी/जनरल मेडिकल ल्याब टेक्नोलोजी | १ |
| १८ | ६५/०८२-८३ | कन्सल्टेण्ट जनरल फिजिसियन | नवौं | प्रदेश स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन | २ |
| १९ | ६६/०८२-८३ | कन्सल्टेण्ट पेडियाट्रिसियन | नवौं | प्रदेश स्वास्थ्य/पेडियाट्रिक्स/पेडियाट्रिक्स मेडिसिन | २ |
| २० | ६७/०८२-८३ | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | नवौं | प्रदेश स्वास्थ्य/सर्जरी/अर्थोपेडिग सर्जरी | २ |
| २१ | ६८/०८२-८३ | कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजी | ३ |
| २२ | ६९/०८२-८३ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/रेडियोलोजी | २ |
| २३ | ७०/०८२-८३ | कन्सल्टेण्ट एनेस्थोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/एनेस्थेसियोलोजी | २ |
| २४ | ७१/०८२-८३ | कन्सल्टेण्ट सर्जन | नवौं | प्रदेश स्वास्थ्य/सर्जरी/जनरल सर्जरी | २ |
| २५ | ७२/०८२-८३ | कन्सल्टेण्ट साईक्याट्रिष्ट | नवौं | प्रदेश स्वास्थ्य/साईक्याट्रि | २ |
| २६ | ७३/०८२-८३ | कन्सल्टेण्ट काय चिकित्सक | नवौं | प्रदेश स्वास्थ्य/आयुर्वेद/कायचिकित्सा | १ |
| २७ | ७४/०८२-८३ | कन्सल्टेण्ट स्त्रीरोग तथा प्रसुति चिकित्सक | नवौं | प्रदेश स्वास्थ्य/आयुर्वेद/स्त्रीरोग तथा प्रसुति | १ |
| २८ | ७५/०८२-८३ | डिभिजनल इन्जिनियर | नवौं | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/स्यानीटरी | १ |
| २९ | ७६/०८२-८३ | डिभिजनल इन्जिनियर | नवौं | प्रदेश इन्जिनियरिङ्ग /सिभिल/वि.आ. | १ |
| ३० | ७७/०८२-८३ | डिभिजनल इन्जिनियर | नवौं | प्रदेश इन्जिनियरिङ्ग /सिभिल/ईरिगेशन | १ |
| ३१ | ७८/०८२-८३ | डिभिजनल इन्जिनियर | नवौं | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/हाइवे | १ |
| ३२ | ७९/०८२-८३ | डिभिजनल इन्जिनियर | नवौं | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/जनरल | १ |
| ३३ | ८०/०८२-८३ | डिभिजनल इन्जिनियर | नवौं | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | ४ |
| ३४ | ८१/०८२-८३ | डिभिजनल वन अधिकृत/वन उपनिर्देशक | नवौं | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| ३५ | ८२/०८२-८३ | उपसचिव/उप निर्देशक | नवौं | प्रदेश शिक्षा/शिक्षा प्रशासन/ निरिक्षण | १ |
| ३६ | ८३/०८२-८३ | शिक्षा निर्देशक | नवौं | स्थानीय शिक्षा/शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङकन | २ |
| ३७ | ८४/०८२-८३ | मुख्य कृषि प्रसार अधिकृत | नवौं | प्रदेश कृषि/कृषि प्रसार | १ |
| ३८ | ८५/०८२-८३ | मुख्य बागवानी अधिकृत | नवौं | प्रदेश कृषि/बागवानी विकास | १ |

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको बेवसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालयमा बुझाई सक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाईनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

## उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु

१. प्रदेश निजामती सेवा ऐन,२०८० को दफा ३२ र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३४ बमोजिम बढुवाको लागि उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

२. जेष्ठताको गणना प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २७ र प्रदेश निजामती सेवा नियमावली २०८० को नियम ५७(२) र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३० र स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ५५ बमोजिम हुनेछ ।

३. दरखास्त फाराम भर्दा राष्ट्रिय कितावखाना (निजामती) वाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भएबमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी /तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ ।

६. कार्यक्षमताको मूल्याङकनद्वारा हुने बढुवाको हकमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३८(४) र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४६ बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

७. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३१, दफा ३८(२) र प्रदेश निजामती सेवा नियमावली २०८० को नियम ७० बमोजिम र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३२ बमोजिम हुनुपर्नेछ ।

| | |
|---|---|
| **दरखास्त दस्तुर:** | रु. १२००/- (एक हजार दुइ सय रुपैयाँ) |
| **दरखास्त दस्तुर बुझाउने स्थान:** | राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ । |
| **कार्यालय कोड:** | २१०००४८०१५ |
| **राजस्व शिर्षक नं.** | १४२२४ (लुम्बिनी प्रदेश लोक सेवा आयोग) |

**नोट:** कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवाको लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।

***